# सम्मरीमाई गाउँपालिकाको टोल विकास संस्थाको गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. २१

**प्रस्तावना :** स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी गाउँ टोलको अन्तर सम्बन्धलाई सुदृढीकरण गर्न, गाउँ र टोलको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउन, सहभागितात्मक योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउन, उद्यमी समाजको निर्माण गर्न, वस्ती तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्न आवश्यक रहेको छ । उपरोक्त बमोजिमका क्षेत्रहरुमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय तहको सामाजिक तथा आर्थिक विकासका लागि समुदाय परिचालनका लागि अघि सारिएको टोल विकास संस्थाको

अवधारणा बमोजिम गठन हुने टोल विकास संस्थाहरुले सामाजिक परिचालनका माध्यमबाट यस गाउँपालिकाको विकास प्रक्रियामा योगदान पुऱ्याउन सक्ने देखिएकोले आगामी दिनमा अभियानको रुपमा समुदाय परिचालनका माध्यमबाट समाबेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासील गर्न यस्ता संस्थाहरुको स्थापना तथा सञ्चालनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले सम्मरीमाई गाउँपालिकाको टोल विकास संस्थाको गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम "सम्मरीमाई गाउँपालिकाको टोल विकास संस्थाको गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६" हुनेछ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(ग) यो कार्यविधि सम्मरीमाई गाउँपालिका अन्तर्गत गठन हुने टोल विकास संस्थामा लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले समाजमा विविध खालका सामाजिक, साँस्कृतिक, स्रोत-साधन परिचालन तथा विकासमुलक कार्यहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न निश्चित भौगोलिक सिमाना/क्षेत्रलाई समेटी दफा-३ अनुसार गठन भएको टोल विकास संस्थालाई सम्झनु पर्छ ।

(ख) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ ।

(ग) "कार्य समिति" भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(घ) पदाधिकारी भन्नाले टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।

(ङ) उपसमिति भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्छ ।

गाउँ अध्यक्ष सम्झनु पर्दछ ।

(च) अध्यक्ष भन्नाले सम्मरीमाई गाउँपालिकाको गाउँ अध्यक्ष सम्झनु पर्दछ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सम्मरीमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ज) गाउँ समन्वय समिति भन्नाले यो कार्यविधिको दफा ९ बमोजिम गठित समितिलाई जनाउछ ।

(झ) "निर्देशक समिति" भन्नाले टोल विकास संस्थाको नीतिगत र कार्यक्रमगत पृष्ठपोषणका लागि दफा ७ (१) बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(ञ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले संस्थाले समय समयमा गर्ने निर्णय बमोजिम निर्धारित कार्यविधिमा उल्लेखित कुराहरुलाई जनाउछ ।

(ट) "कार्यमूलक समूह" भन्नाले टोल विकास संस्था गठन नभएको वा टोल विकास संस्थाले नसमेटेको क्षेत्रमा कार्यविधि बमोजिम काम गर्न वा कायम रहेको संस्थाले कुनै क्षेत्र वा टोलमा कार्यक्रम सञ्चालनमा अप्ठ्यारो भएमा निश्चित समयका लागि तदर्थ रुपमा गठन गरिएको समूहलाई सम्झनु पर्दछ ।

**३. टोल विकास संस्था गठन तथा सञ्चालन :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप संस्थाले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउने छन् । तर एउटै नाम राखी एक भन्दा बढी संस्था गठन/सञ्चालन गर्न पाईने छैन ।

(ख) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

(ग) संस्थाले व्यक्ति सरह आ-आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ ।

(घ) संस्थाहरु यस कार्यविधि बमोजिम सञ्चालन तथा परिचालन हुनुपर्दछ । यो कार्यविधि बमोजिम सञ्चालन नहुने संस्था स्वतः विघटन हुनेछ ।

(ङ) दफा २(ञ) बमोजिम तदर्थ रुपमा गठीत कार्यमूलक समूहले संस्थाले गर्ने माथि उल्लिखित कार्य गर्नमा बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्यहरु

४. **उद्देश्य :** यस कार्यविधि बमोजिम गठन हुने संस्थाहरु वा संस्थामा आवद्ध सबै सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

(क) टोल विकास संस्थाहरुको गठन, पुनर्गठन तथा सञ्चालन गर्ने/गराउने ।

(ख) संस्थालाई सक्षम, स्वाबलम्वी र दिगो समुदायमा आधारित संगठनको रुपमा विकास गर्ने/गराउने ।

(ग) टोल विकास संस्थाहरुको बार्षिक कार्ययोजना तर्जुमा गर्ने/गराउने ।

(घ) टोल विकास संस्थाहरु र वडा समितिहरुका बीच अन्तर समन्वय गर्ने ।

(ङ) टोलका व्यक्तिहरुको आयबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(च) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो बनाउन स्थानीय स्तरका समुदायका व्यक्तिहरुको क्षमता विकास, आत्मनिर्भर बनाउने कार्यक्रमलाई प्रोत्साहित गर्ने ।

(छ) संस्थालाई उद्देश्य परिपूर्तिका लागि प्रभावकारी बनाउने ।

(ज) समुदाय तथा स्थानीय स्तरमा रहेका श्रोतको पहिचान तथा परिचालन गर्ने ।

(झ) स्वच्छ तथा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकास गरी समुदायस्तरको विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

(ञ) आफ्नो टोल क्षेत्रलाई स्वच्छ तथा सफा राख्न टोल वासीलाई परिचालन गर्ने साथै गाउँपालिकालाई सहयोग पुयाउने ।

(ट) फोहर मैला व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गर्ने ।

(ठ) टोल विकास संस्थाहरुबीच सिक्ने सिकाउने मान्यतालाई प्रवर्द्धन गर्ने ।

(ड) गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न सामाजिक परिचालन सम्बन्धी अभियानहरुमा आवद्धता जनाउदै क्रियाशील सहयोगी भूमिका निर्वाह गर्ने ।

(ढ) संस्थालाई गाउँपालिकाको सबैभन्दा तल्लो प्रमुख इकाईको रुपमा स्थापित गराई सहभागितात्मक गाउँपालिका योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

**५. संस्थाका कार्य तथा दायित्व :**

प्रत्येक टोलस्तरमा शतप्रतिशत घरपरिवार (एकघर एक सदस्य) सहभागी भएका महिला वा पुरुष वा दुवैथरी समावेश भएको टोल विकास संस्था गठन गर्नुपर्छ । साथै संस्थाको कार्य तथा दायित्वहरु निम्न हुनेछन् ।

(क) सदस्यहरुबाट नियमित रुपमा बचत संकलन र परिचालन गर्ने विविध कार्यहरु सञ्चालन गर्ने ।

(ख) संस्थाका सदस्यहरुलाई उद्यमशीलता विकास तर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संस्थाबाट ऋण लिई उद्यम सञ्चालन गर्ने पहल गर्ने/गराउने ।

(ग) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

(घ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(ङ) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

(च) संस्थाले स्व:प्रयासमा गाउँपालिकाको पूर्व स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्न सक्नेछ र सञ्चालनमा आएका कार्यक्रमको दायित्व, जिम्मेवारी स्वयं संस्थाले बहन गर्नु पर्नेछ ।

(छ) संस्थाले नियमित रुपमा बार्षिक साधारण सभा गरी आगामी बार्षिक कार्य योजना र लेखापरीक्षण प्रतिवेदन पारित गर्नु पर्दछ ।

(ज) संस्थाले बार्षिक रुपमा साधारण सभाबाट पारित गरेको प्रस्तावहरु गाउँपालिकामा नियमित रुपमा प्रतिवेदन साथ पेश गर्नु पर्दछ । साधारण सभा प्रत्येक वर्षको प्रथम चौमासिक अवधिभित्र सम्पन्न गरिसक्नु पर्दछ ।

(झ) संस्थाको तोकिएको भौगोलिक क्षेत्रभित्रका प्रत्येक घरधुरी (सत् प्रतिशत) बाट एक परिवार एक सदस्य महिला वा पुरुष अनिबार्य भएको टोल विकास संस्था गठन गर्नुपर्दछ । तर एकै घर परिवारबाट वालिग एक भन्दा

बढी व्यक्ति संस्थाको सदस्य हुन बाधा पुऱ्याएको मानिने छैन । मताधिकार प्रयोगका लागि एक घर परिवार एक मत कायम गरिनेछ ।

(ट) टोल विकास संस्थाले आफ्नो टोलभित्र एक बाल क्लब गठन गर्नुपर्नेछ । साधारण सभाले कार्यसमिति चयन गर्दा बालबालिकाको प्रतिनिधित्व हुनेगरी बाल क्लब प्रतिनिधि कम्तिमा एक बालक र एक बालिका राख्नुपर्नेछ । कार्य समितिमा बाल क्लब प्रतिनिधिको हैसियत आमन्त्रित सदस्य सरह रहनेछ ।

## परिच्छेद-३
## संस्था गठन एवं सञ्चालन विधि

६. **निर्देशक समिति :** सम्मरीमाई गाउँपालिका अन्तर्गत क्रियाशील टोल विकास संस्थाको सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा नीतिगत व्यवस्था, बार्षिक कार्य योजना तर्जुमा, श्रोत साधनको पहिचान तथा परिचालन, अन्तर निकाय समन्वय तथा सहकार्य जस्ता विषयहरुमा पृष्ठपोषण तथा मार्ग निर्देशनका लागि निर्देशक समितिको व्यवस्था हुनेछ । निर्देशक समितिले टोल विकास संस्थाको काम कारबाही, गठन एवं विघटन, बिधान स्वीकृति, परिमार्जन, अनुगमन, मूल्याङ्कन, पुरस्कृत लगायतको कार्य समेत गर्नेछ । यो कार्यविधि लागू हुनु पूर्व सामाजिक विकास शाखाबाट भएको कार्य समेतलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

७. **निर्देशक समिति:** कार्यविधिको दफा ६ मा व्यवस्था भए अनुसार देहाय बमोजिम पदाधिकारीहरु रहेको एक निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिकाका अध्यक्ष वा निजको काम गर्न तोकिएको पदाधिकारी — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) संयोजक वा प्रतिनिधि, टोल विकास संस्था गाउँ समन्वय समिति, — सदस्य

(घ) अध्यक्ष वा प्रतिनिधि, गैर सरकारी संस्था महासंघ, मा.गा.पा. — सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख, — सदस्य सचिव

(२) निर्देशक समितिको वैठक कम्तिमा चार महिनामा एक पटक बस्नेछ । यसका अतिरिक्त आवश्यकताको आधारमा अन्य वैठक पनि बस्न सक्नेछ । साथै यो

कार्यविधिको सफल कार्यान्वयनका लागि यस समितिले आफ्नो कार्यविधि आफैं तयार गरी लागू गर्न सक्नेछ । बैठक भत्ता तथा सुविधा सम्बन्धी व्यवस्था गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) **निर्देशक समितिको सचिवालयको काम:** निर्देशक समितिको सचिवालयले देहायका कार्यहरू गर्नेछ,

(क) निर्देशक समितिका निर्णयहरू कार्यान्वयन गर्ने,

(ख) कार्यविधिमा उल्लेख भए बमोजिमको प्रक्रिया अनुरूप कार्यान्वयन गर्ने,

(ग) प्रतिवेदनहरू तयार गरी निर्देशक समिति तथा अन्य सम्बन्धित निकायमा प्रस्तुत गर्ने ।

(४) **कार्यविधि संशोधन:**

(क) यो कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक देखिएमा निर्देशक समितिले संशोधन मस्यौदा तयार गरी गाउँ कार्यपालिका समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(ख) गाउँ कार्यपालिकाले खण्ड (क) बमोजिम प्रस्तुत मस्यौदामा आवश्यक भएमा सुधार गर्ने निर्णयपछि संशोधन हुनेछ ।

(ग) गाउँ कार्यपालिकाले खण्ड (ख) बमोजिम प्रस्तुत मस्यौदालाई जस्ताको तस्तै वा संशोधन सहित अनुमोदन गर्न सक्नेछ । कार्यविधि संशोधनको अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

(घ) संशोधित कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**८. संस्था गठन एवं कार्य सञ्चालन विधि :**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्म निर्णयबाट टोलको क्षेत्र निर्क्योल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीहरुको उपस्थितिमा संस्था गठन गर्ने निर्णय गरी भेलाको निर्णय सहित गाउँपालिकामा निवेदन दिनु पर्दछ । निर्देशक समितिले आवश्यक अध्ययन गरी संस्था दर्ताको लागि स्वीकृति प्रदान गर्नेछ ।

(ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले सर्वसम्मत निर्णयको आधारमा तदर्थ समिति गठन गर्नु पर्नेछ । उक्त तदर्थ समितिमा अध्यक्ष १, उपाध्यक्ष १, कोषाध्यक्ष १, सचिव १ र अन्य सदस्यहरु गरी बढीमा एघार जना हुनेछन ।

(ग) संस्था गठनको लागि निवेदन दिएको बढीमा तीन महिनाभित्र तदर्थ समितिले गाउँपालिकाको प्रतिनिधिको उपस्थितिमा औपचारिक रुपमा साधारण सभा बोलाउनु पर्नेछ । साधारण सभाबाट सर्वसम्मत वा बहूमतीय आधारमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव १/१ जना र बाँकी सदस्य रहने गरी बढीमा एघार सदस्यीय कार्य समिति निर्वाचित हुनेछ । यसरी निर्वाचित कार्य समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

(घ) दफा ८(क) बमोजिम दर्ताको स्वीकृति प्राप्त गर्ने संस्थालाई अनुसूची-१ बमोजिम संस्था दर्ता गरी सोको प्रमाण-पत्र उपलब्ध गराईनेछ । गाउँपालिका कार्यालयमा लेखा परीक्षण सहित बार्षिक प्रतिवेदन बुझाएपछि संस्था स्वतः नविकरण भएको मानिनेछ । लगातार दुई बर्षसम्म प्रतिवेदन नबुझाएमा संस्था दर्ता स्वतः रद्द हुनेछ ।

(ङ) टोल विकास संस्थाको बैठक कम्तिमा महिनाको एक पटक नियमित रुपमा बस्नेछ । आवश्यकता अनुसार जनुसुकै वेला पनि बैठक बस्न सकिनेछ ।

(च) संस्थाले यस कार्यविधिको अधिनमा रही कार्य समितिको अनुमति लिई आफ्नो कार्यलाई प्रभावकारी वनाउन निर्देशिका तयार गरी लागू गर्न सक्नेछन् । तर त्यस्तो निर्देशका यो कार्यविधि सँग बाझिएको हदसम्म खारेज हुनेछ ।

(छ) प्रत्येक आर्थिक बर्ष समाप्तिको ४ महिना भित्र वार्षिक साधारण सभा र २ बर्षमा कार्य समितिको छनौट वा समर्थन गर्न साधारण सभा गर्नु पर्नेछ ।

**९. गाउँ समन्वय समिति गठन तथा समन्वय समितिको काम, कर्तब्य र अधिकार :**

**(अ) गाउँ समन्वय समितिको गठन**

यस कार्यविधि बमोजिम गठन हुने संस्थाहरु बीच समन्वय, सम्पर्क, संयोजन, क्षमता विकास तथा अनुभव आदान प्रदान गर्न एवं गाउँ स्तरीय सामुदायिक कार्यका लागि तपसिलको प्रक्रिया बमोजिम टोल विकास संस्था गाउँ समन्वय समिति गठन गरिनेछ । यसको गठन प्रक्रिया निम्न अनुसार हुनेछ ।

(क) गाउँभित्र गठन भएका प्रत्येक टोल विकास संस्थाको कार्य समितिहरु मध्येबाट महिला र पुरुष १/१ जना गरी प्रत्येक संस्थाबाट दुई जना प्रतिनिधिहरु सहभागी रहेको गाउँस्तरीय साधारण सभा गठन हुनेछ ।

(ख) उपदफा ९ (क) अनुसार गठन भएको साधारण सभाले अध्यक्ष १, उपाध्यक्ष, २ (सामाजिक परिचालन १, वातावरण १ गरी २ जना), सचिव, कोषाध्यक्ष र १६ जना सदस्य रहने गरी गाउँ समन्वय समितिको चयन गर्नेछ । निवर्तमान अध्यक्ष कार्य समितिमा पदेन सदस्यको रुपमा रहनेछ ।

(ग) गाउँ समन्वय समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा एकपटक बस्नु पर्नेछ । तर, आवश्यकता अनुसार बैठक बस्न यसले बाधा पार्ने छैन ।

(घ) गाउँ समन्वय समितिले आवश्यकता अनुसार वडास्तरमा समन्वय समिति गठन गर्न सक्नेछ ।

**(आ) गाउँ समन्वय समितिको काम, कर्तव्य र अधिकार**

(क) गाउँभित्र गठन भएका टोल विकास संस्थाहरु बीच समन्वय गर्ने ।

(ख) दुई वा दुईभन्दा बढि संस्थाहरुको समन्वयमा कार्य गर्नु परेमा उक्त संस्थाहरुको वीचमा समन्वय गराउन भूमिका निर्वाह गर्ने ।

(ग) गाउँको विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(घ) संस्थाहरुको तर्फबाट विभिन्न तहमा नेतृत्व प्रदान गर्ने ।

(ङ) गाउँको विकासमा देखा परेका समस्या तथा चुनौतीहरुलाई पहिल्याउन मद्दत गर्ने ।

(च) टोल विकास संस्थाहरुको क्षमता विकास, सीप विकास तथा आय आर्जन एवं स्वरोजगार जस्ता कार्यक्रममा सहयोग गर्ने ।

(छ) टोल विकास संस्थाहरुको क्रियाशिलताको लागि वडा स्तरीय समन्वय समिति गठन गर्ने र समन्वय समितिलाई क्रियाशील गराउने ।

(ज़) वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्दै गाउँपालिकालाई वातावरणमैत्री गाउँ निर्माण गर्न सहयोगी भूमिका निर्वाह गर्ने ।

(झ) टोल विकास संस्थाको क्षेत्रभित्र बालमैत्री विकास अवधारणालाई प्रभावकारी बनाउन र बालविकासका कार्यक्रमलाई प्रभावकारी बनाउन टोल विकास संस्थाहरुलाई समन्वय एवं सहयोग गर्ने ।

## परिच्छेद-४

## अनुगमन, मूल्याङ्कन तथा पुरस्कार व्यवस्था

**१०. अनुगमन, मूल्याङ्कन** : संस्थाहरुको अनुगमन तथा मूल्याङ्कन तपसिलका बिषयमा आधारित वा मापदण्ड तयार गरी गर्न सकिन्छ ।

(क) नियमित प्रगति विवरण, बैठक, आर्थिक पारदर्शिता, बार्षिक साधारण सभा, बचत परिचालन, ऋण परिचालनको अवस्था, वेरुजु तथा बेरुजू फछ्यौंट एवं सिर्जनशिलता, वातावरणमैत्री, बालमैत्री विकास अवधारणालाई टोल तहमा प्रभावकारी बनाउन निर्बाह गरेको भूमिका आदिको आधारमा संस्थाको मूल्याङ्कन गरी पुरस्कृत एवं दण्डित गर्न सकिनेछ ।

(ख) गाउँपालिकाले नियुक्त गरेको वा संस्था आफैंले नियुक्त गरेको लेखा लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षकको पारिश्रमिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

(ग) संस्थाको हिसाव विवरण र त्यस सम्वन्धमा लेखा परीक्षकको प्रतिवेदन साधारण सभाबाट अनुमोदन गर्नुपर्दछ ।

(घ) तोकिएको समयमा साधारण सभा नगर्ने संस्थालाई कारवाही गरिनेछ ।

(ङ) दण्ड तथा पुरस्कार सम्बन्धी व्यवस्था : टोल विकास संस्थाको स्तर मापन गर्न निर्देशक समितिले विभिन्न सूचकहरु निर्धारण गरी सोका आधारमा टोल विकास संस्थाहरुको वार्षिक रुपमा मूल्याङ्कन गरी उत्कृष्ट टोल विकास संस्थालाई दण्ड तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ । मूल्याङ्कन प्रयोजनका लागि निर्देशक समितिले उप समिति गठन गर्न सक्नेछ ।

**११. संस्थाको कार्य समिति बिघटन, पुनर्गठन तथा खारेजी :**

(क) संस्थाको विधानको उद्देश्यको बर्खिलाप वा प्रचलित ऐन, नियम, कानून विपरित कार्य गरेमा तथा सामाजिक सद्भाव बिथोल्ने गतिविधि गर्ने संस्था विघटन हुनेछ ।

(ख) अदालत वा न्यायिक निकायबाट संस्थाले गरेको काम कारवाहीहरु गलत प्रमाणित भएमा वा विघटन गर्ने निर्णय भएमा,

(ग) बहुमत सदस्यको उपस्थितिमा उपस्थित सदस्य संख्याको दुई तीहाइको बहूमतवाट विघटनको प्रस्ताव पारित भएमा ।

(घ) संस्थालाई हानी नोक्सानी हुने गरी आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भएमा गाउँपालिकाले कुनै पनि वेला संस्था विघटन, पुनर्गठन वा खारेज गर्न सक्नेछ । तर सम्बन्धित संस्थाहरुलाई सफाइ दिने अवसरवाट वञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकाको हुनेछ ।

## परिच्छेद-५
## विविध

**१२. अविश्वासको प्रस्ताव** : संस्थाको विधानमा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था अनिवार्य रुपमा उल्लेख गरिएको हुनु पर्नेछ । यो प्रस्ताव सम्बन्धित टोल विकास संस्थाको कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारण सहित लिखित उजुरी कार्य समितिमा दर्ता गरेको १५ दिनभित्र बिशेष साधारण सभा बोलाई यसको टुङ्गो लगाई सक्नु पर्नेछ । यदि सम्बन्धित कार्य समितिले अविश्वास प्रस्ताव दर्ता गर्न अस्वीकार गरेमा सो प्रस्ताव निर्देशक समितिमा दर्ता गर्न सकिन्छ । यस्तो प्रस्ताव दर्ता हुन आएमा निर्देशक समितिले एक महिनाभित्र टुङ्गो लगाउन निर्देशनात्मक आदेश संस्थालाई दिन सक्दछ । यसको अन्तिम टुङ्गो उपदफा ११ (ग) बमोजिम प्रक्रियाबाट लगाउनु पर्दछ ।

**१३. संस्था खारेजी वा विघटन** : स्वीकृत/पारित संस्थाको विधान बमोजिम संस्था सञ्चालन नभएमा संस्थाको खारेजी तथा विघटन हुनेछ र संस्थाको सम्पत्ती नेपाल सरकारको हुनेछ । तर व्यक्तिगत बचत रकम तथा यसको आय सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउने छन् ।

**१४. विधानको संशोधन:** संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहूमतले पारित गरी गाउँपालिकाबाट अन्तिम स्वीकृति पछि विधान संशोधन हुनेछ ।

**१५. खारेजी तथा बचाउ :**

(क) प्रचलित नेपालको ऐन नियमहरुसँग बाझिएको हदसम्म यस कार्यविधिको प्रावधान तथा व्यवस्थाहरु स्वत: खारेज हूनेछ ।

(ख) यो कार्यविधि जारी हुनुभन्दा अगाडी गठन भएका टोल विकास संस्थाहरु भएमा पनि यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ । साथै यस अधि जारी भएको टोल विकास संस्थाको कार्यविधि भएमा यस कार्यविधिको प्रारम्भसँगै खारेज हुनेछ ।

अनुसूची-१

सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
५ नं. प्रदेश, नेपाल

## टोल विकास संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष,

........................टोल विकास संस्था

सम्मरीमाई गाउँपालिका वडा नं.......... रुपन्देही ।

सम्मरीमाई गाउँपालिकाको टोल विकास संस्था स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ को दफा ८ (ग) बमोजिमको प्रक्रिया पूरा भएकोले निर्देशक समितिको मिति २०..................गतेको निर्णयानुसार संस्था दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

तपाई र तपाईको नेतृत्वमा गठन भएको संस्थाले यो निर्देशिकाको अधिनमा रही टोल, टोलवासीको चौतर्फी विकासका लागि क्रियाशिल रहनेछ भन्ने विश्वास लिएको छु ।

मिति: २०..................

..................

प्रमुख प्रशासकिय अधिकृत

नोट: यो प्रमाण-पत्र गाउँपालिकामा लेखा परीक्षण सहित वार्षिक प्रतिवेदन बुझाए पछि स्वतः नविकरण हुनेछ । लगातार दुई वर्ष प्रतिवेदन नबुझाएमा प्रमाण-पत्र स्वतः रद्द हुनेछ ।

अनुसूची-२

.................टोल विकास संस्था
सम्मरीमाई, रुपन्देही

## टोल विकास संस्थाको मासिक प्रतिवेदन

श्री टोल विकास संस्था निर्देशक समिति
सम्मरीमाई, रुपन्देही ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस टोल विकास संस्थाको २०७....साल..............महिनाको तपसिलमा उल्लेखित विवरण सहित प्रगति प्रतिवेदन आवश्यक जानकारी एवम् कार्यार्थ पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

..................
सचिव

**तपसिल :**

- अघिल्लो महिना टोल विकास संस्थाको बैठक बसेको मिति:
- अघिल्लो महिनामा बचत परिचालन कोषको बैठक बसेको मिति:
- अघिल्लो महिना लेखा उप-समितिको बैठकको मिति:
- बैठकमा उपस्थिती सदस्य संख्या : महिला : तथा पुरुष :
- बैठकको अध्यक्षता गर्ने व्यक्तिको नाम, थर, र दर्जा :
- बैठकका मुख्य मुख्य प्रस्तावहरु
  - 
  - 
  - 
- बैठकका मुख्य मुख्य निर्णयहरु
  - 
  - 
  - 
- लगानी तथा बचत सम्बन्धी विवरण
  - अघिल्लो महिनाको कुल सावा रकम :
  - अघिल्लो महिनाको संकलित बचत रकम :
  - अघिल्लो महिनाको संकलित ब्याज रकम :
  - यस महिनाको कुल रकम :
  - यस महिनाको कुल लगानी रकम :
  - कुल खराब कर्जा रकम :
- बिबिध